आज मिति २०७७ साल बैशाख ७ गते आइतवारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं. १ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं. २ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं. ७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं. ९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं. १० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं. ११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं. १२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं. १३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं. १४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | उपस्थित |
| ,, | श्री कल्पना पोखेल | उपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | उपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | उपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री दिनेश राज पन्त | उपस्थित |
| उपसचिव | श्री नगेन्द्रप्रसाद रेग्मी | उपस्थित |
| व.आ.ले.प.अधिकृत | श्री कुमार कंचन जि.सी. | उपस्थित |
| वरिष्ठ अधिकृत | श्री राजेन्द्र कार्की | उपस्थित |
| जनस्वास्थ्य अधिकृत | श्री प्रमोद सोती | उपस्थित |
| इन्जिनियर | श्री रविन्दलाल मुल | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |

**<u>प्रस्तावहरु</u>**

प्रस्ताव नं.१: स्वास्थ्य, सुरक्षा राहत वितरण सम्बन्धमा ।
प्रस्ताव नं.२: निर्माण कार्यको निरन्तरता सम्बन्धमा ।
प्रस्ताव नं.३: कृषि उत्पादनमा नगरपालिकालाई आत्मनिर्भर गराउने सम्बन्धमा ।
प्रस्ताव नं.४: कियापुत्री भवन सञ्चालन कार्यविधि संशोधन सम्बन्धमा ।
प्रस्ताव नं.५: स्वास्थ्य सम्बन्धी सामाग्री खरिद कार्यको अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं.६: थप स्वास्थ्य सम्बन्धी उपकरण तथा सामाग्री खरिद सम्बन्धमा ।
प्रस्ताव नं.७: विपद व्यवस्थापन सम्बन्धी राहत उपलव्ध गराउने सम्बन्धमा ।
प्रस्ताव नं.८: मोटर साइकल खरिद कार्यको अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं.९: प्रोत्साहन भत्ता उपलब्ध गराउने सम्बन्धमा ।
प्रस्ताव नं.१०: आवास सुविधा उपलब्ध गराउने सम्बन्धमा ।
प्रस्ताव नं.११: कृषि व्यवसाय एवं निर्माण कार्य सञ्चालन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१२: स्थानीय तरकारी फलफूल बजारलाई व्यवस्थापन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१३: धन्यवाद ज्ञापन सम्बन्धमा ।

**<u>निर्णय नं.१:</u>** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा विश्वभर नै महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) का विरुद्धको अभियान अन्तर्गत अति विपन्न घरपरिवार तथा दैनिक ज्याला-मजदुरीसँग छाक जोडिएका घरपरिवार र बृद्धाश्रम लगायत अन्य आश्रय स्थलहरुमा रहेका व्यक्ति तथा परिवारहरुलाई वितरण गरिएको राहतको प्रभाव तथा वर्तमान अवस्थामा वडागत जनस्वास्थ्यको अवस्था, स्वास्थ्यकर्मी र स्वास्थ्यसँग सम्बन्धित सामाग्रीहरुको व्यवस्थापन लगायत स्थानीय रुपमा सुरक्षाको आन्तरिक व्यवस्थाको अवस्थाका सम्बन्धमा सम्पूर्ण वडा अध्यक्षहरु एवं कार्यकारीणी सदस्यहरुबाट प्रस्तुत वडागत प्रतिवेदन उपर बृहत रुपमा समीक्षा गरियो । यस सम्बन्धमा यस नगरपालिकाका सम्पूर्ण स्वास्थ्य संस्थाहरुलाई थप सुविधा सम्पन्न गराउँदै लैजाने र यस अघि वितरण गरिएको राहत पश्चात् पनि कोही घरपरिवार बिहान बेलुकाको खानाबाट बञ्चित रहेको अवस्था रहेमा निजहरु बसोवास गर्ने टोल विकास संस्थाहरुको सहयोगमा साँझ बिहानको खाना खुवाउने व्यवस्थाका लागि आवश्यक खाद्यान्न तथा सोसँग सम्बन्धित न्यूनतम सामाग्रीहरुको प्रबन्ध मिलाउने साथै स्थानीय सुरक्षा र कोरोना विरुद्धका अभियानमा खटिएका जनप्रतिनिधि लगायत कर्मचारीहरुलाई सुरक्षित आवागमनको व्यवस्थाका लागि स्थानीय प्रहरी प्रशासनसँग समन्वय गरी अगाडि बढ्ने निर्णय गरियो ।

**<u>निर्णय नं.२:</u>** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा विश्वभर महामारीका रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) बाट प्रभावित भई हाम्रा नियमित विकास निर्माण कार्यहरु अवरुद्ध हुन पुगेकोमा यस नगरपालिकाले ठेक्का सम्झौता गरिसकेका तथा उपभोक्ता समितिसँग सम्झौता भई निर्माणाधीन अवस्थामा रहेका विकास निर्माणका कार्यहरु स्थानीय श्रमिक र स्थानीय स्रोत साधन एवं स्थानीय बजारमा निर्माण सामाग्रीहरुको उपलब्ध हुन सक्ने अवस्था रहेको खण्डमा निर्माण कार्य अगाडि बढाउने निर्णय गरियो । साथै व्यक्तिगत घर तथा सार्वजनिक भवनहरुलाई समेत निर्माणका लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.३:</u>** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा विश्वभर नै महामारीका रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को संक्रमण हाम्रो देश नेपालमा पनि देखिएको र यसको जोखिम उच्च रुपमा बढ्दै

गएको परिप्रेक्ष्यमा दीर्घकालीन रुपमा यसले पार्न सक्ने असरहरुका सम्बन्धमा बृहत रुपमा छलफल गरियो । विशेष गरी यसले निकट भविष्यमा नै निम्त्याउन सक्ने खाद्यान्न संकटलाई मध्यनजर गरी खाद्यान्न एवं तरकारीको सहज उपलब्धताको लागि यस नगर क्षेत्र भित्रको कृषि एवं पशुजन्य उत्पादनलाई व्यवस्थित एवं व्यवसायिक रुपमा अगाडि बढाउन आवश्यक प्रक्रिया अगाडि बढाउने र त्यसको लागि सम्बन्धित विषयगत समितिसँग समन्वयमा निर्वाहमुखी, व्यवसायिक (सहकारी, करार, निजी लगानी) उत्पादन, बजारीकरण अनुदान विषयमा आवश्यक गृहकार्य गरी प्रस्ताव पेश गर्न कृषि विकास शाखा, पशु विकास शाखालाई निर्देशन दिने निर्णय गरियो । दीर्घकालीन, मध्यकालिन एवं अल्पकालिन कृषि नीति तय गरी कार्यान्वयन गर्न नगर प्रमुखको संयोजकत्वमा उप-प्रमुख, सबै वडा अध्यक्षहरु, सदस्य र प्रमुख प्रशासकिय अधिकृत सदस्य-सचिव रहने उच्चस्तरीय कृषि नीति तर्जुमा एवं कार्यान्वयन समिति गठन गर्ने र उक्त समितिमा आवश्यकता बमोजिम विज्ञहरु राख्ने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको क्रियापुत्री भवन सञ्चालन कार्यविधि, २०७६ अनुसार सञ्चालन भइरहेको व्यास ३ अन्तर्गत व्यास गुफाको नजिक रहेको (अन्तिम संस्कार कार्यका लागि निर्माण गरिएको) भवनलाई भवनको क्षमता बमोजिम अन्तिम संस्कारको अलावा अन्य प्रयोजनको लागि समेत उपयोग गर्नुपर्ने भएको हुँदा सो भवनको साविकको नाम संशोधन गरी ***"मानव सेवा भवन व्यास गुफा"*** नामाकरण गर्ने निर्णय गरियो । साथै कार्यविधिको नाम समेत सोही बमोजिम मानव सेवा केन्द्र सञ्चालन कार्यविधि, २०७६ रहने गरी संशोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा विश्वभर महामारीका रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) का विरुद्धको अभियानमा यस नगरपालिका क्षेत्रभित्र सञ्चालित नगरपालिका अन्तर्गतको स्वास्थ्य संस्थाहरु लगायत नीजि क्षेत्रबाट सञ्चालित स्वास्थ्य संस्थाहरु समेतको लागि खरिद गरिएको देहाय बमोजिमका स्वास्थ्य सामाग्रीहरुको खर्च अनुमोदन गरियो ।

| सि.नं. | सामानको विवरण | परिमाण | इकाई | रकम रू. | कैफियत |
|---|---|---|---|---|---|
| १. | पि.पि.ई. सेट | १०१ | सेट | ५०८,५५६।५० | |
| २. | गमबुट | १०० | गोटा | ३२५,४४।०० | |
| ३. | सेनीटाइजर | २९३ | बोत्तल | २४८,९३५।०० | |
| ४. | लुज पञ्जा | १३३ | प्याकेट | १०९,९४९।०० | |
| ५. | एन ९५ मास्क | ५० | गोटा | ३०,०००।०० | |
| ६. | भि ४४ मास्क | ४५ | गोटा | २,२५०।०० | |
| ७. | सर्जिकल मास्क | ५० | प्याकेट | ४७,२५०।०० | |
| ८. | क्लोरिन | २५० | के.जी. | २५,०००।०० | |
| ९. | स्पेयर पम्प | ५१ | गोटा | ११२,४५०।०० | |
| १०. | प्लाष्ट्रिक बाल्टी धारा वाला | ४२ | गोटा | १९,३८०।०० | |
| ११. | झुल | ८ | पिस | २,४००।०० | |
| १२. | सिरानी | ८ | पिस | २,०००।०० | |
| १३. | व्याङ्केट | ८ | पिस | ६,०००।०० | |
| १४. | चप्पल | ८ | जोर | १,५२०।०० | |
| १५. | जग | ८ | पिस | ६४०।०० | |
| १६. | गुड नाइट | ८ | पिस | ९२०।०० | |
| १७. | प्लेट | ८ | पिस | ८००।०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| १८. | गिलास | ८ | पिस | ४४०।०० | |
| १९. | चम्चा | ८ | पिस | २००।०० | |
| २०. | ब्रस दाँत माझ्ने | ८ | पिस | २००।०० | |
| २१. | मन्जन | ८ | पिस | १२०।०० | |
| २२. | नुहाउने साबुन | ८९ | गोटा | २,६३०।०० | |
| २३. | झोला | ५० | पिस | १,५००।०० | |
| | **जम्मा :** | | | **१,१५५,६८४।५०** | |

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुलाई थप सुविधा सम्पन्न गराउन देहाय बमोजिमका स्वास्थ्य उपकरण तथा सामाग्रीहरु खरिद गर्ने निर्णय गरियो ।

| सि.नं. | सामानको विवरण | परिमाण |
|---|---|---|
| १. | थर्मल गन | २० ओटा |
| २. | एन १९ मास्क | ३०० ओटा |

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा मिति २०७७/०१/०५ गते आएको हावाहुरी, चट्याङ्गका कारण व्यास ९ निवासी २३ वटा घरपरिवारको घरको छाना उडाई क्षति पुऱ्याएको, भैंसी मरेको हुँदा सम्बन्धित वडा कार्यालयको सिफारिसलाई आधारमानी आंशिक क्षति भएको घरपरिवारलाई र पूर्ण क्षति भएका घरपरिवारलाई निम्न दरले राहत उपलब्ध गराउने निर्णय गरियो ।

**विवरण एवं राहत रकम**

| सि.नं. | नाम, थर | रकम रकम | कैफियत |
|---|---|---|---|
| १. | सितामाया थापा | ३०,०००।०० | छाना उडाएको |
| २. | बसुन्धरा घर्ती | ३०,०००।०० | छाना उडाएको |
| ३. | कल्पना कार्की | ३०,०००।०० | छाना उडाएको |
| ४. | मैया थापा | ३०,०००।०० | छाना उडाएको |
| ५. | बुद्धिबहादुर कुमाल | ३०,०००।०० | छाना उडाएको |
| ६. | विष्णुमाया कुमाल | २५,०००।०० | छाना उडाएको |
| ७. | सपना कुमाल | २५,०००।०० | छाना उडाएको |
| ८. | पदम बहादुर कुमाल | ३०,०००।०० | छाना उडाएको |
| ९. | दिपेन्द्र बाँनिया | १५,०००।०० | छाना उडाएको |
| १०. | कृष्णबहादुर थापा | १५,०००।०० | आंशिक क्षति |
| ११. | शम्भुलाल श्रेष्ठ | १५,०००।०० | आंशिक क्षति |
| १२. | रुपलाल कुमाल | १५,०००।०० | आंशिक क्षति |
| १३. | शंकरलाल श्रेष्ठ | १५,०००।०० | आंशिक क्षति |
| १४. | बखतबहादुर कुमाल | १५,०००।०० | आंशिक क्षति |
| १५. | हरिप्रसाद कुमाल | १५,०००।०० | आंशिक क्षति |
| १६. | संगीता कुमाल | १५,०००।०० | आंशिक क्षति |
| १७. | रामबहादुर थापा | १०,०००।०० | आंशिक क्षति |
| १८. | रामकृष्ण कुमाल | १०,०००।०० | आंशिक क्षति |
| १९. | सुवास कुमाल | १०,०००।०० | आंशिक क्षति |

| | | | |
|---|---|---|---|
| २०. | प्रमिला कुमाल | १०,०००।०० | आंशिक क्षति |
| २१. | जमुना कुमाल | १०,०००।०० | आंशिक क्षति |
| २२. | चिजमाया वि.क. | १०,०००।०० | आंशिक क्षति |
| २३. | भद्रबहादुर सुयेल | २०,०००।०० | चट्याङ्गबाट भैंसी मरेको |

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) का विरुद्ध यस नगरपालिकाबाट सञ्चालन भइरहेको अभियानलाई थप प्रभावकारी बनाउने उद्देश्यका साथ स्वास्थ्य शाखाको प्रयोजनको लागि मिति २०७६/०१/१३ गते खरिद गरिएको एक थान मोटर साइकलको मूल्य रू.२,३५,९००।- अनुमोदन गरी रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा यस कार्यालयमा कार्यरत देहाय बमोजिमका कर्मचारीहरुले कार्यालय समय अतिरिक्त समय पनि बिहान बेलुका कार्यालयको कामकाजमा खटिई सेवा प्रदान गरिरहेको हुँदा निजहरुलाई देहाय बमोजिम प्रोत्साहन भत्ता मासिक रुपमा उपलब्ध गराउने निर्णय गरियो ।

| सि.नं. | नाम | पद | रकम |
|---|---|---|---|
| १. | श्री विशाल पण्डित | सुचना प्रविधि अधिकृत | ६,०००।- |
| २. | श्री कृष्ण प्रसाद पौडेल | ना.सु. | ५,०००।- |
| ३. | श्री कुशेश्वर गुरुङ्ग | हेभी सवारी चालक | ४,०००।- |
| ४. | श्री दिनेश गुरुङ्ग | हलुका सवारी चालक | ४,०००।- |

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकामा स्वास्थ्य शाखा प्रमुख श्री प्रमोद सोतीले कार्यालय समय अतिरिक्त समय पनि स्वास्थ्य क्षेत्रको सेवामा खटिई काम गरिरहेको हुँदा निजलाई आवास सुविधा वापत रू.७,०००।- सम्मको सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा सामाजिक दुरी कायम गरी व्यास नगरपालिका भित्र कृषि व्यवसाय सञ्चालन गर्न र निजी तथा सार्वजनिक निर्माण कार्यलाई स्थानीय निर्माण सामाग्री, कामदार प्रयोग गरी सञ्चालन गर्न सम्बन्धित सबै निकायसँग समन्वय गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका र जिल्ला भित्रका किसानहरुको उपजलाई प्राथमिकतामा राखी तरकारी, फलफूल बजारलाई व्यवस्थित गर्ने र बजार मूल्यको अनुगमन गरी बिचौलिया प्रथालाई निरुत्साहित गर्न सम्बन्धित निकायहरुसँग समन्वय गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका अन्तर्गत राहत वितरण कार्यमा सहयोग पुर्‍याउनु हुने राजनैतिक दल, टोल विकास संस्था, सञ्चारकर्मी, सहयोगदाता, संघ/संस्था, कर्मचारीहरु एवं व्यक्तिहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा पनि सहयोग र सद्भावको निरन्तरताका लागि अनुरोध गर्ने निर्णय गरियो ।